स्थानीय सरकार

मध्यपुर थिमि नगरपालिका

स्थानीय राजपत्र

मध्यपुर थिमि नगरपालिकाबाट प्रकाशित

बर्ष ६ मध्यपुर थिमि भक्तपुर असोज १४ , २०७९

भाग २

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम मध्यपुर थिमि नगरपालिकाको नगरकार्यपालिकाले जारी गरेको यो कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

संवत् २०७९ सालको कार्यविधि नं. २

मध्यपुर थिमि नगरपालिकाको मौलिक नाम अभिलेखिकरण तथा प्रतिस्थापन समिति सञ्चालन सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको मौलिक नाम अभिलेखिकरण तथा प्रतिस्थापन समिति सञ्चालन कार्यविधि-२०७९

कार्यपालिकाबाट स्वीकृत मितिः २०७९/६/१४

मध्यपुर थिमि नगरपालिकाको

मौलिक नाम अभिलेखिकरण तथा प्रतिस्थापन समिति सञ्चालन कार्यविधि-२०७९

**प्रस्तावना :**

मध्यपुर थिमि क्षेत्रमा भएका विभिन्न शिलापत्र र अन्य अभिलेखमा उल्लेख भए अनुसार मध्यपुर थिमि नगर भित्रका ऐतिहासिक बस्तीहरु किरौंतकालमै स्थापना भई लिच्छविकालमा विकसित भएको देखिन्छ र यि बस्ती भित्रका हरेक टोलहरुको मौलिक नामाकरण भएको पाईन्छ । यसरी नामकरण भएका टोल बस्तीहरु, व्यक्ति वा स्थान विशेषको पहिचानसंग समेत जोडिएको हुन्छ । कुनै पनि स्थानहरुको मौलिक नाम र नाम पद्धतिहरु त्यहाँको इतिहासका मूल श्रोतहरु समेत हुन। स्थानीय मौलिक नामलाई अपभ्रंस, परिवर्तन वा प्रयोगविहिन हुनवाट जोगाएर अभिलेखिकरण एवम् प्रतिस्थापन गरेर मध्यपुर थिमि क्षेत्रका टोल बस्तीको इतिहास एवम् संस्कृतिको साथै पहिचानलाई समेत जगेर्ना गर्न बाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ ड र दफा १२ ख मा उल्लेखित काम कर्तव्य र अधिकार अनुसारको स्थानीय अभिलेख व्यवस्थापन र तथ्याङ्क अद्यावधिक तथा संरक्षण सम्वन्धी

कार्य गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम नगरपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम " **मध्यपुर थिमि नगरपालिकाको मौलिक नाम अभिलेखिकरण तथा प्रतिस्थापन समिति सञ्चालन कार्यविधि-२०७९** रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरेको मिति देखि नगरपालिका क्षेत्रभित्र लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(१) " अभिलेखिकरण " भन्नाले मध्यपुर थिमि नगरपालिका क्षेत्र भित्रका टोल बस्तीहरुको मौलिक नामको अभिलेखिकरण सम्म्झनु पर्छ ।

(२) " ऐन " भन्नाले स्थानीय सरकार सञ्चालन ऐन सम्झनु पर्छ ।

(३) " कार्यालय " भन्नाले मध्यपुर थिमि नगरपालिकाको कार्यालय सम्झनु पर्छ ।

(४) " कार्यपालिका " भन्नाले मध्यपुर थिमि नगरपालिका, नगर कार्यपालिका सम्झनु पर्छ ।

(५) " प्रमुख " भन्नाले मध्यपुर थिमि नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ ।

(६) " उप प्रमुख " भन्नाले मध्यपुर थिमि नगरपालिकाको नगर उपप्रमुख सम्झनु पर्छ ।

(७) " प्रमुख प्रशासकीय अधिकृत " भन्नाले मध्यपुर थिमि नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(८) " वडा अध्यक्ष " भन्नाले मध्यपुर थिमि नगरपालिकाका वडा अध्यक्षहरु सम्झनु पर्छ ।

(९) " समिति " भन्नाले मौलिक नाम अभिलेखिकरण तथा प्रतिस्थापन समिति सम्झनु पर्छ ।

(१०) " कार्यविधि " भन्नाले मध्यपुर थिमि नगरपालिकाको मौलिक नाम अभिलेखिकरण तथा प्रतिस्थापन कार्यविधि २०७९ सम्झनु पर्छ ।

(११) "संयोजक" भन्नाले मौलिक नाम अभिलेखिकरण तथा प्रतिस्थापन समितिका संयोजकलाई सम्झनु पर्छ ।

(१२) " सदस्य सचिव " भन्नाले मौलिक नाम अभिलेखिकरण तथा प्रतिस्थापन समितिका सदस्य सचिवलाई सम्झनु पर्छ ।

(१३) " नगरपालिका " भन्नाले मध्यपुर थिमि नगरपालिकाका सम्झनु पर्छ ।

(१४) " सल्लाहकार समिति " भन्नाले मौलिक नाम अभिलेखिकरण तथा प्रतिस्थापन समितिको कार्य गर्न गठित सल्लाहकार समितिलाई सम्झनु पर्छ ।

(१५) " विषयविज्ञ समिति" भन्नाले मौलिक नाम अभिलेखिकरण तथा प्रतिस्थापन कार्यको क्रममा आवश्यक पर्न सक्ने नामको मौलिकता, यसको अर्थ, ऐतिहासिकता जस्ता विषयमा विज्ञता राख्नुहुने व्यक्तिहरु समेटेर गठन हुने समितिलाई सम्झनु पर्छ ।

## परिच्छेद-२

## समिति गठन सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था

**३.समितिको गठन**ः (१) स्थानीय सरकार संचालन ऐन २०७४ परिच्छेद ३ को दफा १४ को उपदफा २ बमोजिम नगरपालिकाको सामाजिक, सांस्कृतिक, पुरातात्विक, भाषिक, ऐतिहासिक विषयलाई पहिचान र जगेर्ना गर्न नगरपालिकामा देहाय बमजिमको "मौलिक नाम अभिलेखिकरण तथा प्रतिस्थापन समिति" रहनेछ,-

(क) नगरपालिका क्षेत्रभित्रको सामाजिक, सांस्कृतिक, पुरातात्विक, भाषिक, ऐतिहासिक क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएका व्यक्तिमध्येबाट कार्यापालिकाले तोकेको एक जना .....................संयोजक

(ख) नगरपालिका क्षेत्रभित्रको सामाजिक, सांस्कृतिक, पुरातात्विक, भाषिक, ऐतिहासिक क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएका व्यक्तिमध्येबाट कम्तीमा एक तिहाइ महिला सदस्य रहने गरी कार्यपालिकाले तोकेका अधिकतम तेईस जना सदस्यहरू ........................................................ सदस्य

(ग) नगरपालिकाको सस्कृति, पुरातत्व, भाषिक, ऐतिहासिक क्षेत्र हेर्ने शाखा प्रमुख.......सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समिति गठन गर्दा यस नगरपालिकामा समेटिएका साविकका साविकका गाविसहरू बोडे, नगदेश, चपाचो, बालकुमारी र दिव्यश्वरीबाट प्रतिनिधित्व रहेको गरिनेछ ।

(३) उपदफा (१) बमोजिमको समिति गठन गर्दा सम्बन्धित विषयवस्तुमा रहेको सग्लनता, विज्ञता, ज्ञानसुलभ पक्षलाई पनि विचार गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको समितको सचिवालय नगरपालिकाको कार्यालयमा रहनेछ ।

(५) यस कार्यविधिको प्रयोजनको लागि कार्यपालिकाबाट मिति २०७९ भाद्र १४ गते गठन भएको अनुसूची-१ बमोजिमको समितिलाई आधिकारिक समिति मानिनेछ ।

४.**<u>समितिको काम कर्तव्य र अधिकारः</u>** (१) दफा ३ बमोजिमको समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,-

(क) नगरपालिका भित्रका विभिन्न स्थानहरुको मौलिक एवम् ऐतिहासिक नामहरु संकलन, अध्ययन गरी सूचीकरण (Inventory) एवम् अभिलेखीकरण गर्ने तथा उक्त नामलाई प्रतिस्थापन गर्ने कार्यको कार्यान्वयन सम्बन्धी प्रतिवेदन तयार गरी नगरपालिकालाई हस्तान्तरण गर्ने ।

(ख) मौलिक नाम सम्बन्धि अध्ययनको लागि विभिन्न प्रकाशित, अप्रकाशित अध्ययन सामग्रीहरु संकलन एवम् अध्ययन गर्ने ।

(ग)नगरको विभिन्न स्थानहरुको मौलिक नामको अध्ययन, संकलन गर्ने र सोको लागि आवश्यक दस्तावेज संकलन, समुदाय एवम् विषयविज्ञहरुसँग छलफल गर्ने ।

(घ) मौलिक नाम एवम् यसको महत्व, अर्थ र पुनस्थापना सम्बन्धमा सचेतनात्मक छलफलको आयोजना गर्ने ।

(ङ)मौलिक नाम प्रतिस्थापन कार्य कार्यान्वयनको क्रममा सहजीकरणको भूमिकामा आवश्यक सहयोग गर्ने ।

(च) मौलिक नाम निर्धारण सम्बन्धी सूचक निर्धारण गर्ने ।

(छ) स्थानीय मौलिक एवम् ऐतिहासिक नाम संकलन, अध्ययन, प्रमाणीकरणको लागि समुदाय भेला, छलफल, विज्ञ एवम् जानकार व्यक्तिहरु तथा नगर जनप्रतिनिधिहरुसँग बैठक, अन्तरक्रिया गर्ने ।

(ज) यस समितिको कार्य प्रगति सम्बन्धमा प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृतलाई एवम् आवश्यकता अनुसार वडाध्यक्ष, नगरसभा सदस्यहरुलाई जानकारी गराउने ।

(झ) नगरका विभिन्न स्थानहरुको मौलिक नामको सूची (Inventory) तयार गर्ने ।

(ञ) नगरपालिकाको भौगोलिक नक्सामा विभिन्न स्थानहरुको मौलिक नाम अंकित गर्ने ।

(ट)तयार भएको मौलिक नामको सूची एवम् नक्सांकन सहित यसको अभिलेखकरण तथा कार्यान्वयन सम्बन्धी प्रतिवेदन तयार गरी नगरपालिकालाई हस्तान्तरण गर्ने ।

(ठ)कार्यान्वयनको क्रममा नगरपालिकालाई सहयोग एवम् सहजीकरणको भूमिकामा आवश्यक सहयोग गर्ने ।

**५.मौलिक नाम संकलन, अध्ययन र कार्यान्वयन विधिः** मौलिक नाम संकलन, अध्ययन र कार्यान्वयन देहाय अनुसार हुनेछ,-

(१) समितिको कार्यलाई सहजीकरण गर्न विषय विज्ञ र स्थानीय ज्ञाता सम्मिलित रहेको बढीमा १० जनाको सल्लाहकार समिति गठन गर्न सकिनेछ ।

(२) समितिले आवश्यक देखेमा विषय विज्ञलाई पनि आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिको काममा आवश्यक पर्ने नियमित भेटघाट, बैठक जस्ता कार्यहरु समितिको सचिवालयमार्फत् गरिनेछ ।

(४) तोकिएका कार्य समयमा सम्पादन गर्न समितिको बैठक कम्तीमा पाक्षिक रुपमा र आवश्यकता अनुसार जुनसुकै समयमा बस्न सक्नेछ ।

(५) तोकिएका कार्य सम्पादनका लागि समितिले जनप्रतिनिधि र सल्लाहकारको सहयोग लिन सक्नेछ ।

(६) अध्ययन तथा संकलन चरणः यस चरणलाई निम्न क्रियाकलापहरु मार्फत् पूर्णता दिइनेछ ।

(क) समितिले प्रकाशित विभिन्न सामग्रीहरु (किताब, लेख, विभिन्न सामाजिक संजाल आदि) को आधारमा मौलिक नामको सूची तयार गर्नेछ ।

(ख) मौलिक नामको सूची तयार गर्दा प्रश्नावली वा चेकलिस्ट तयारीको माध्यमबाट विभिन्न स्थानहरुको मौलिक नाम एवम् उक्त मौलिक नामसँग सम्बन्धित विषयहरु (नामको अर्थ, उक्त नाम कायम रहेको अवधि, उक्त नामले समेट्ने भौगोलिक क्षेत्र, उक्त नामसँग सम्बन्धित वर्तमान नगरपालिकाको वडा आदि)आधार लिनु पर्नेछ ।

(ग)समितिले स्थानीय मौलिक नामको संकलन एवम् प्रारम्भिक अध्ययनबाट सूचिकृत भएका नामहरुको परीक्षण,शुद्धिकरणको लागि क्षेत्रगत प्रतिनिधिहरु र सम्बन्धित वडाध्यक्षको पहलमा स्थानीय समुदायहरुसँग छलफल गर्नु पर्नेछ ।

(घ) समितिले विषयविज्ञ, स्थानीय जानकार व्यक्ति विशेषहरुसँगको अन्तर्वार्ता, संवादमार्फत थप जानकारी संकलन गर्ने एवम् प्राप्त जानकारीहरुलाई थप पुष्ट्याईं प्राप्त गर्न सक्नेछ ।

(ङ)समितिले स्थलगत भ्रमण मार्फत मौलिक नाम र यससँग सम्बन्धित सामग्री संकलनका क्रममा स्थानीय प्रौढ र ज्ञाताहरुसँग भेटघाट र मौलिक नाम सम्बन्धी जानकारी संकलन गर्नु पर्नेछ।

(च) संकलित स्थानीय नाम सुचीलाई समितिले निर्धारण गरेको सूचकको आधारमा मौलिक नामको निक्यौंल गरिनेछ ।

(छ) स्थानहरुको मौलिक नामको सूची (Inventory) एवम् यसको नक्सांकन सहित अभिलेखिकरण तथा कार्यान्वयन सम्बन्धी मस्यौदा प्रतिवेदन तयार गर्नुपर्नेछ ।

(ज) तयार भएको मस्यौदा प्रतिवेदनलाई नगर जनप्रतिनिधि, सल्लाहकार समिति तथा स्थानीय विज्ञ, बुद्धिजीवि, संस्कृतिकर्मी, समाजसेवीहरुको संयुक्त भेलामा प्रस्तुतीकरण गरेर सुझाव संकलन गर्नु पर्नेछ ।

(झ) भेलाबाट प्राप्त सुझावको आधारमा प्रतिवेदनलाई अन्तिम रुप दिई नगरपालिकालाई हस्तान्तरण गरिनेछ ।

(ञ) नगरपालिकाले मौलिक नामको प्रतिस्थापनको कार्यान्वयनका लागि समितिको सहयोग लिन सक्नेछ ।

(ट)नगरपालिकाले मौलिक नाम प्रतिस्थापन कार्यलाई कार्यान्वयनमा लैजानका लागि रणनीतिक कार्ययोजना तयारी गर्नु पर्नेछ । यस्तो रणनीतिक कार्य योजना बनाउन नगरपालिकाले समितिको सहयोग लिन सक्नेछ ।

(ठ) रणनीतिक कार्य योजना तयारीका क्रममा समितिले नगरपालिका र आवश्यकता अनुसार अन्य व्यक्ति वा समूहको सहयोग लिने सक्नेछ ।

(ड)रणनीतिक कार्ययोजनालाई अन्तिम रुप दिनु अघि समितिले नगरपालिकाको सहयोगमा सरोकारवाला, जनप्रतिनिधि, स्थानीय विज्ञ, बुद्धिजीवि, संस्कृतिकर्मी, समाजसेवीहरुको भेलामा प्रस्तुतीकरण गरेर सुझाव लिनु पर्नेछ ।

(ढ)प्राप्त सुझावको आधारमा रणनीतिक कार्ययोजना अन्तिम रुप दिई समितिले नगरपालिकालाई हस्तान्तरण गर्नु पर्नेछ ।

(ण) मौलिक नाम प्रतिस्थापन गर्ने कार्यको कार्यान्वयन सम्बन्धमा नगरपालिकाले आवश्यक ठानी सहजिकरणको लागि अनुरोध भएको खण्डमा सहजीकरणको भूमिकामा सहयोगीको भूमिका निर्वाह गर्नु पर्नेछ ।

६.**<u>समितिको बैठक र निर्णय</u>** : (१) समितिको बैठक आवश्यकता अनुसार समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्ने गरी सदस्य सचिवले बैठक बोलाउने छ ।

(२) उपदफा (१) बमोजिमको बैठकमा छलफल हुने विषयहरूको सूचना कम्तीमा चौवीस घण्टा अगाडी समितिका सदस्यहरूलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको सूचना विद्युतीय माध्यमबाट पठाउन सकिनेछ ।

(४) समितिको कूल सदस्य संख्याको बहुमत सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ र संयोजकको अनुपस्थितिमा समितिका वरिष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा संयोजकले निर्णायक मत दिनेछ ।

(७) उपदफा (६) बमोजिमको निर्णयको पालना गर्नु सवै सदस्यको कर्तव्य हुनेछ ।

(८) समितिले आवश्यकता अनुसार जनप्रतिनिधि, कर्मचारी, सल्लाहकार, विषयविज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(९) समितिको निर्णय सदस्य सचिवले प्रमाणित गरी सुरक्षित रुपमा राख्नु पर्नेछ ।

(१०) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समितिले आफैं निर्धारण गरे बमोजिम हुनेछ ।

७.**<u>स्रोत व्यवस्थापन</u>** : समितिको लागि आवश्यक पर्ने स्रोत/सामग्री नगरपालिकाले उपलब्ध गराउनेछ ।

## परिच्छेद- ३
## विविध

८.**<u>संसोधन तथा खारेजी :</u>**(१) मध्यपुर थिमि नगरपालिकाले आवश्यक्ता अनुसार यस कार्यविधि संसोधन तथा खारेजी गर्न सक्नेछ ।

(२) यस कार्यविधिमा लेखिएका कुराहरुको हकमा यसै बमोजिम लागु हुनेछ र उल्लेख नभएका कुराहरु नगरपालिकाले निर्णय गरे बमोजिम लागु हुनेछ ।

(३) यस कार्यविधि अनुसार कार्य गर्दा कुनै त्रुटी भएमा वा कुनै निर्णय लिनु पर्ने भएमा नगर कार्यपालिकाले आवश्यकता अनुसार निर्णय लिन सक्नेछ ।

(४) यस कार्यविधिमा उल्लेख भएका समिति तथा सल्लाहकार समितिहरु नगर कार्यपालिका प्रति जवाफदेही हुनेछन ।

९.**<u>वाधा अड्काउ फुकाउने :</u>**यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा र यसमा उल्लेख नभएका विषयमा कुनै व्यवस्था गर्न आवश्यक परेमा नगरपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

# अनुसूची १

(दफा ३ को उपदफा (५) सँग सम्बन्धित)

## समितिका सदस्यहरू

(क) संयोजक राजेन्द्र श्रेष्ठ, मथिनपा- ,चपाचो

(ख) सदस्य विनोद खम्बु, मथिनपा- ,बोदे

(ग)सदस्य सजिव था, मथिनपा- , बोदे

(घ) सदस्य धर्मसुन्दर बज्राचार्य, मथिनपा- ,चपाचो

(ङ)सदस्य रामकृष्ण दुवाल, मथिनपा- ,नगदेश

(च) सदस्य श्यामकृष्ण मानन्धर, मथिनपा- ,चपाचो

(छ) सदस्य बाबुकाजि साःछें, मथिनपा- , बालकुमारी

(ज) सदस्य सुरेन्द्र बहादुर सिजापती, मथिनपा- ,दिव्यश्वरी

(झ) सदस्य मान बहादुर राजबाहक, मथिनपा- ,टिगनि

(ञ) सदस्य कविदास धौबजि, मथिनपा- ,दिव्यश्वरी

(ट)सदस्य लुमन ध्वंश्रेष्ठ (भरत), मथिनपा- ,बोदे

(ठ)सदस्य विनोद कोजु, मथिनपा- ,नगदेश

(ड)सदस्य तुलसी भक्त घजु, मथिनपा- ,नगदेश

(ढ)सदस्य जगतकृष्ण प्रजापति, मथिनपा- ,दिव्यश्वरी

(ण) सदस्य कृष्ण काजी मानन्धर, मथिनपा- ,बालकुमारी

(त)सदस्य प्रदिप जामन, मथिनपा-बालकुमारी

(थ)सदस्य सचिव तुलसी भक्त तको म.थि.न.पा. कार्यालय

प्रमाणीकरण मिति २०७९।०६।१४

आज्ञाले

विजयराज सुवेदी

प्रमुख प्रशासकीय अधिकृत